# सर्वोच्च अदालत, संयुक्त इजलास

## सम्माननीय प्रधान न्यायाधीश श्री गोपाल पराजुली

## माननीय न्यायाधीश श्री तेज बहादुर के.सी.

## आदेश

०६९-WO-११८८

**मुद्दाः- उत्प्रेषण परमादेश।**

| | |
|---|---|
| सिन्धुली जिल्ला, कमलामाई नगरपालिका वडा नं.७ स्थित प्राकृति तथा मानव स्रोत विकास केन्द्रका तर्फबाट अधिकार प्राप्त व्यवस्थापन समितिका सदस्य दीर्ग बहादुर कार्की-------------------------------------------------------------१ | निवेदक |

**<u>विरुद्ध</u>**

| | |
|---|---|
| नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सिंहदरवार, काठमाडौं-१<br>नेपाल सरकार गृह मन्त्रालय सिंहदरवार, काठमाडौं---------------------------१<br>नेपाल सरकार शिक्षा मन्त्रालय, काठमाडौं-----------------------------------१<br>नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सिंहदरवार काठमाडौं---------१<br>नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, काठमाडौं----१<br>नेपाल सरकार भौतिक पुर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय, सडक विभाग काठमाडौं--------------------------------------------------------------१<br>प्रमुख जिल्ला अधिकारी जिल्ला प्रशासन कार्यालय सिन्धुली--------------------१ | विपक्षी |

डिभिजन सडक कार्यालय मुजेलिया जनकपुर-----------------------------------१

जिल्ला शिक्षा कार्यालय, सिन्धुली---------------------------------------------१

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) बमोजिम दायर भई पेश हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार रहेको छः-

रिट निवेदक सिन्धुली मा.बि. सिन्धुली जिल्लाको कमलामाई नगरपालिका वडा नं. ७ को कि.नं. १९३२ मा रहेको यो विकास केन्द्रमा त्यस ठाउँका अन्धा अपाङ्गता भएका ५० जना विद्यार्थीहरु अध्ययन गर्ने विद्यालय हो। विपक्षीहरुबाट मिति २०६९/१२/११ मा गोरखापत्रमा प्रकाशित सूचना अनुसार विपक्षीहरुबाट पानीटंकी-बर्देउटार-माझीटार-गडौली खोला हुँदै बर्दीवास-वनेपा लोकमार्ग जोड्ने फिडर सडक निर्माण सूचनाबाट बालबालिकाहरु नेपालको अन्तरिम संविधान, २०६३ द्वारा प्रदत्त अधिकारबाट बञ्चित हुने र विद्यालय नै नरहने अवस्थाको सृजना भएकोले यो रिट निवेदन लिई उपस्थित भएका छौं।

जिल्ला प्रशासन कार्यालय सिन्धुलीबाट मिति २०६९/१२/११ गतेको गोरखापत्रमा सिन्धुली जिल्लाका पानीटंकी हुदै बर्दिवास वनेपासम्म जोड्ने फिडर सडक निर्माणको लागि केन्द्र देखि दायाँ बायाँ १५/१५ मीटर तपसील बमोजिमका जग्गाहरु तथा स्थायी रुपले निर्माण भएका घर समेत प्राप्त गर्नु पर्ने भन्ने निर्णय भएकाले जग्गा प्राप्ति ऐन, २०३४ को दफा ९ को प्रयोजनको लागि भनी सूचना प्रकाशित भएको थियो। सूचनामा ३० दिनभित्र मुआव्जा दावी गर्न आउनु भनी उल्लेख भएको थियो। उक्त सूचना अनुसार निवेदक विद्यालयको कि.नं. १९३२ को ०-१-१०-२ रोपनी जग्गा समेत अधिग्रहण गर्ने सूचनामा उल्लेख भएको छ।

विपक्षीले प्रकाशन गरेको सूचनामा प्रस्तावित सडकको लागि जग्गा आवश्यक परेको भन्ने उल्लेख भएपनि सो ठाउँबाट सडक लैजान उपयुक्त देखिदैन। प्रस्तावित सडक भनेको स्थानमा बाटो नै छैन। सोही ठाउँको आसपासमा विभिन्न सडकहरु निर्माण भई हाल चालु अवस्थामा रहेका र थप बाटोको आवश्यकता छैन। स्थानीयवासीलाई आवश्यक नभएको कुनैपनि निकायको योजनामा नभएको बाटो जवरजस्ती रुपमा बनाउन खोजिएको छ। उक्त प्रस्तावित

भनिएको बाटो स्थानीयवासीको लागि आवश्यक नभई घरवास विहिनमात्र बनाउछ। उक्त बाटो जोडिने भनेको मुल बाटो नै १५ फिटको मात्र भएकाले पनि उक्त स्थानमा बाटो निर्माणको आवश्यकता छैन। सो ठाउँमा सडक निर्माण गरिएमा विद्यालयको बीचबाट दुवै तर्फ १५/१५ मीटर जग्गा र विद्यालयको भवन समेत जाने अवस्था छ। यसबाट विद्यालयको भवन नै भत्काउनु पर्ने अवस्था आउँछ। विद्यालयको अन्यत्र कतै कुनै सम्पत्ति छैन र वरपर विद्यार्थीहरुका लागि पायक पर्ने विद्यालय समेत नभएकाले यस विद्यालयमा अध्ययनरत विद्यार्थीहरु शिक्षाबाट बञ्चित हुनु पर्ने अवस्था छ।

गोरखापत्रमा प्रकाशित सूचनामा नै प्रस्तावित सडक भनिएको तर नेपाल सरकारले स्वीकृत नगरेको सडकको लागि जग्गा अधिग्रहण गर्ने भनी प्रकाशित गरेको सूचना नै गैर कानूनी छ। सार्वजनिक हितको लागि व्यक्तिको जग्गा कानून बमोजिम लिन सक्ने भएपनि विद्यालयको जग्गा लिन विद्यालयसँग समन्वय नगरी वल प्रयोग गरी विद्यालय नै बन्द गराउने, विद्यार्थीलाई आतंकित पार्ने नियतले जग्गा रोक्का तथा अधिग्रहण गर्ने सूचना प्रकाशन गरिएको छ। नेपालको अन्तरिम संविधान, २०६३ र बालबालिका सम्बन्धी ऐन, २०४८ ले बालबालिकाको हक अधिकार अहरणीय भनी ज्ञारेन्टी गरेको छ। विद्यालयको जग्गा विद्यालय नै बन्द हुने गरी अधिग्रहण गर्न मिल्ने होइन भनी सम्बन्धित निकायमा अनुरोध गर्दा समेत कुनै सुनुवाई भएको छैन।

यसरी विपक्षीहरुबाट सडक निर्माण गर्ने बहानामा बालबालिकाले पठन पाठन गर्दै आएको विद्यालय नै बन्द गराउने र विद्यार्थीलाई शिक्षाबाट बञ्चित गर्ने गरी विद्यालयको जग्गा अधिग्रहण गर्ने गरी मन्त्रीस्तरबाट मिति २०६९/६/२१ मा भएको निर्णयका आधारमा जिल्ला प्रशासन कार्यालय सिन्धुलीबाट जग्गा प्राप्ती सम्बन्धी मिति २०६९/१२/११ को गोरखापत्रमा प्रकाशित सूचना र सोको आधारमा भएका सम्पूर्ण कार्यहरु उत्प्रेषणको आदेशले बदर गरी नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ बमोजिम जो चाहिने आदेश जारी गरिपाउँ साथै प्रहरी परिचालन गरी जबरजस्ती मुआव्जा बुझ्न लगाउने र सडक निर्माण गर्ने योजना

रहेको हुँदा गैर कानूनी सडक निर्माण तत्काल नगर्नु नगराउनु भनी अन्तरिम आदेश जारी गरिपाउँ भन्ने मिति २०७०/१/२७ को रिट निवेदन।

यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो? आदेश जारी हुनु नपर्ने भए सो को आधार र कारण सहित यो आदेश प्राप्त भएको मितिले बाटाका म्याद बाहेक १५ दिन भित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पेश गर्नु भनी यो आदेश र रिट निबेदनको प्रतिलिपी साथै राखी म्याद सूचना पठाई लिखित जवाफ पेश भएपछि वा अवधि नाघेपछि नियमानुसार पेश गर्नू। अन्तरिम आदेश जारी हुने नहुने सम्बन्धमा विपक्षीहरुको समेत कुरा सुनी निर्णय गर्ने पर्ने देखिएकाले मिति २०७०/२/१४ का दिन अन्तरिम आदेश छलफलको लागि विपक्षीलाई समेत सूचना दिई पेश गर्नु भन्ने यस अदालतको मिति २०७०/२/५ को आदेश।

यस मन्त्रालय तथा कार्यालयको के कस्तो काम कारवाहीले निवेदकको के कस्तो हक अधिकार हनन् हुन गएको हो भन्ने सम्बन्धमा निवेदकले उल्लेख गर्न सकेको देखिदैन। कसैलाई विपक्षी बनाई रिट निवेदन दायर गर्दा सो निकायको के कुन काम कारवाहीले आफ्नो के कस्तो अधिकार हनन् भएको हो भन्ने स्पष्ट रुपमा खुलाउन सक्नु पर्दछ। विना आधार दावी लिंदैमा रिट जारी हुन सक्दैन। नेपालको अन्तरिम संविधान, २०६३ ले सार्वजनिक हितको लागि बाहेक व्यक्तिको सम्पत्ति अधिग्रहण तथा जफत गरिने छैन भन्ने व्यवस्था गरेको छ। नेपाल सरकारले सार्वजनिक हितको लागि सडक निर्माण गर्न जग्गा प्राप्ती ऐन, २०३४ बमोजिम सडक निर्माण तथा विस्तारमा परेका जग्गाको मुआब्जा तथा घरको क्षतिपूर्ति समेत प्रदान गरी अधिग्रहण गर्ने प्रयोजनका लागि सूचना प्रकाशन गरिएको हुँदा उक्त कार्यलाई गैर कानूनी भन्न मिल्दैन। कानून बमोजिमको प्रक्रिया अपनाई उक्त सडकमा पर्ने जग्गाको मुआव्जा र घरको क्षतिपूर्ति दिने प्रयोजनका लागि प्रकाशन गरिएको सूचना कानून प्रतिकुल नभएकोले निवेदन माग बमोजिम रिट जारी हुन सक्ने अवस्था नभएकाले रिट निवेदन खारेज गरिपाउँ भन्ने प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको तर्फबाट पेश भएको लिखित जवाफ।

निवेदकले उल्लेख गरेको वर्दिवास-वनेपा लोकमार्ग जोड्ने फिडर सडक निर्माणको लागि जग्गा प्राप्त गर्न सूचना प्रकाशन गर्ने कार्यमा यस मन्त्रालयको कुनै संलग्नता रहेको छैन। उक्त सडक निर्माण गर्न अधिकार प्राप्त निकायबाट कानूनको प्रक्रिया पुरा गरी जग्गा प्राप्त गर्न कारवाही भएको हुँदा रिट निवेदकको माग दावी आधारहीन रहेकाले रिट निवेदन खारेज गरिपाउँ भन्ने शिक्षा मन्त्रालयको लिखित जवाफ।

निवेदकले निवेदनमा उल्लेख गरेजस्तो यस मन्त्रालयबाट विद्यालयको चल अचल सम्पत्ति हानी नोक्सानी गर्ने भवन तथा जग्गामा हानी हुने काम गरेको छैन। नेपाल सरकारको नीति अनुरुप विकास निर्माण गर्दा वा बाटो बनाउदा कसैको निजी सम्पत्ति अधिग्रहण गर्नु परेमा कानून बमोजिम मुआव्जा दिदै आएको छ। निवेदनमा दावी गरेको बाटो निर्माण गर्दा बाटोमा पर्ने जग्गा तथा संरचनाको मुआव्जा लिन आउन जिल्ला प्रशासन कार्यालयले सूचना प्रकाशन गरेको हो। रिट निवेदनमा उल्लेख भए बमोजिम विद्यालयको भवन जोखिम हुने काम भएको छैन। निवेदनमा उल्लेख गरेजस्तो निवेदकको हक अधिकार हनन् हुने काम यस मन्त्रालयबाट नभएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने नेपाल सरकार गृह मन्त्रालयको लिखित जवाफ।

यस मन्त्रालयलाई विपक्षी बनाउनु पर्ने कुनै कारण छैन। सो कुरा निवेदनमा खुलाउन सकेको समेत देखिँदैन। निवेदकले उठाएको सडक निर्माणको विषय यस मन्त्रालयको कार्यक्षेत्र भित्रको नभएकाले यस मन्त्रालयको हकमा रिट निवेदन खारेज गरिपाउँ भन्ने स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको लिखित जवाफ।

सडक निर्माण सम्बन्धमा कार्यान्वयन गर्ने जिम्मेवारी भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको र गृह मन्त्रालयको क्षेत्राधिकार भित्रको विषय हो। निवेदकलाई परियोजनाबाट धार्मिक, आर्थिक र सांस्कृतिक हकको हनन् हुने वा मर्का पर्न गएमा वातावरणीय प्रभाव मुल्याङ्कनबाट सम्बोधन हुन सक्ने देखिन्छ। निवेदकले दावीको विषय यस मन्त्रालयको नभएकाले रिट निवेदन खारेज गरिपाउँ भन्ने संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको लिखित जवाफ।

जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३ मा सरकारले सार्वजनिक हितको लागि जग्गा प्राप्त गर्न सक्ने अधिकार नेपाल सरकारलाई भएको देखिन्छ। साथै सार्वजनिक सडक ऐन, २०३१ को दफा ४ प्रचलित कानून बमोजिम सडक र सडक सीमाको लागि जग्गा प्राप्त गर्न सक्ने भन्ने व्यवस्था बमोजिम डिभिजन सडक कार्यालय जनकपुरले निवेदनमा उल्लेखित सडक निर्माणको लागि मुआव्जा दिने प्रक्रिया अगाडि बढाएको हो। नेपाल सरकारको निकायले प्रचलित कानून बमोजिमको प्रक्रिया अपनाई गर्न लागेको विकास निर्माण सम्बन्धी काममा अवरोध गर्ने उद्देश्यले मात्र प्रस्तुत रिट दायर भएको छ। रिट निवेदकको हक अधिकार हनन् हुने गरी कुनै पनि काम कारवाही नभएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सडक विभागको तर्फबाट पेश भएको लिखित जवाफ।

निवेदनमा उल्लेख भएको सिन्धुली जिल्लाको पानीटंकी-बर्देउटार-माझीटार-गडौली खोला हुँदै बर्दीवास-वनेपा लोकमार्ग जोड्ने फिडर सडक यस सडक डिभिजन कार्यालयले निर्माण गर्न लागेको हो। नेपाल सरकारले खिम्ती ढल्केवर २२० के.भी. प्रसारण लाइन मुनी फिडर सडक निर्माण गर्ने निर्णय भए बमोजिम यस डिभिजन कार्यालयका डिभिजन प्रमुखलाई प्रारम्भिक कारवाही चलाउन अधिकार दिए बमोजिम उक्त कार्य अगाडि बढाइएको हो। उक्त सडक निर्माण गर्दा सडकमा पर्ने जग्गा र घरको क्षतिपूर्ति दावी गर्न आउनु भनी जग्गा प्राप्ती ऐन, २०३४ को दफा ९ बमोजिम सूचना प्रकाशन गरिएको हो। उक्त सडकमा पर्ने जग्गा अधिग्रहण गर्न र सर्भे गर्न भनी रु. ११ करोड विनियोजन भईसकेको छ। सार्वजनिक हितको लागि नेपाल सरकारले उचित मुआव्जा दिई व्यक्तिको जग्गा अधिग्रहण गर्न सक्ने कानूनी व्यवस्था हुने हुँदा सार्वजनिक सडक निर्माणको लागि निवेदक विद्यालयको केही जग्गा अधिग्रहण गर्ने भनी प्रकाशित भएको सूचनालाई गैर कानूनी मान्न मिल्दैन। कानूनी प्रक्रिया पुरा गरी मुआब्जा तथा क्षतिपूर्ति दावी गर्न आउनु भनी प्रकाशित सूचना कानूनसम्मत भएकाले रिट निवेदन खारेज गरिपाउँ भन्ने डिभिजन सडक कार्यालय नं. ८ जनकपुरले पेश गरेको लिखित जवाफ।

यसमा लिखित जवाफ परिसकेको देखिँदा पूर्ण सुनुवाईको लागि पेश गर्नु भन्ने यस अदालतको मिति २०७०/५/१८ को आदेश।

नियमबमोजिम पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्धान अधिवक्ताद्वय श्री भीम राई र श्री शंकर लिम्वुले बाटोको कुनै आवश्यकता र सम्भावना नै नभएको स्थानमा बाटो निर्माण गर्ने भनी जिल्ला प्रशासन कार्यालय सिन्धुलीले जग्गाको मुआब्जा तथा क्षतिपूर्ति बुझ्न आउनु भनी सूचना प्रकाशन गरी निवेदक संस्थाद्वारा सञ्चालित विद्यालयलाई जग्गा तथा भवन विहीन बनाउन लागेको छ। प्रस्तावित सडक निर्माण भएमा विद्यालयमा अध्ययनरत अपाङ्गता भएका विद्यार्थीहरु शिक्षा सुविधाबाट बञ्चित हुनु पर्ने अवस्था छ। उक्त निर्माण गर्ने भनिएको सडक स्वीकृत भएको समेत छैन। जिल्ला प्रशासन कार्यालयले प्रकाशन गरेको सूचनामा नै प्रस्तावित सडक निर्मण गर्ने प्रयोजनका लागि भन्ने उल्लेख भएबाट सो कुराको पुष्टी भएको छ। सडक निर्माण गर्ने भनेको स्थानको आसपासमा अन्य सडक निर्माण भइ चालु अवस्थामा भएकाले पनि उक्त सडकको कुनै आवश्यकता छैन। नेपाल विद्युत प्राधिकरणले निर्माण गर्न लागेको खिम्ती ढल्केवर २२० के.भी.ए. प्रसारण लाइनबाट सडक निर्माण गर्ने भनी सूचना प्रकाशित गरिएको छ। खिम्ती ढल्केवर २२० के.भी. प्रशारण लाइन निर्माण गर्न लागे उपर सर्वोच्च अदालतमा रिट दायर भई विचाराधीन रहेको अवस्थामा उक्त रिट निवेदनलाई प्रभाव पार्ने गरी सोही स्थानमा सडक निर्माण गर्ने प्रयोजनका लागि भनी सूचना प्रकाशित गरिएको हुँदा निवेदन माग बमोजिम आदेश जारी हुनु पर्ने हो भनी गर्नु भएको बहस सुनियो।

विपक्षीहरु मध्ये नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान सह न्यायाधिवक्ता श्री संजीवराज रेग्मीले खिम्ती ढल्केवर २२० के.भी.ए. प्रसारण लाइन निर्माण गर्ने कार्य सम्पन्न भईसकेको छ। प्रसारण लाइनमा पर्ने जग्गाको मुआब्जा र घरको क्षतिपूर्ति दावी गर्न आउनु भनी सूचना प्रकाशित भई मुआब्जा तथा क्षतिपूर्ति वितरण भइसकेको छ। प्रायः सबैले मुआब्जा तथा क्षतिपूर्ति बुझिसकेका छन। सोही प्रसारण लाइनको मुनी पर्ने गरी फिडर सडक निर्माण

गर्न जिल्ला प्रशासन कार्यालय सिन्धुलीले मुआब्जा दावी गर्न आउनु भनी सूचना प्रकाशन गरेको हो। नेपाल सरकारले जवरजस्ती जग्गा अधिग्रहण गर्न लागेको होइन। सो सडक निर्माणको लागि डिभिजन सडक कार्यालय जनकपुरले सडक भित्र पर्ने जग्गाको मुआब्जा तथा क्षतिपूर्ति वितरण गर्ने नै हुँदा हाल माग बमोजिम आदेश जारी हुने अवस्था छैन। रिट निवेदक संस्थाको मात्र जग्गा सडकमा परेको नभई अन्य व्यक्तिको जग्गासमेत परेको छ। जिल्ला प्रशासन कार्यालयको सूचना हेर्दा पनि सार्वजनिक हितको लागि सडक निर्माण गर्नु पर्ने भन्ने उल्लेख भएको देखिएको छ। प्रसारण लाइन मुनी पर्ने गरी फिडर सडक निर्माण गर्ने प्रयोजनका लागि सडकमा पर्ने जग्गाको मुआब्जा दावी गर्न आउनु भनी प्रकाशन गरेको सूचना कानूनसम्मत भएकाले माग बमोजिम आदेश जारी हुने अवस्था छैन। रिट निवेदन खारेज हुनु पर्ने हो भनी गर्नु भएको बहस समेत सुनियो।

उपरोक्तानुसारको दुबै तर्फबाट प्रस्तुत भएको बहस सुनी प्रस्तुत रिट निवेदन सहितको मिसिल संलग्न कागजात समेत अध्ययन गरी हेर्दा निवेदकको निवेदन माग बमोजिम उत्प्रेषण तथा परमादेश जारी हुने हो होईन? भन्ने सम्बन्धमा निर्णय दिनु पर्ने देखिन आयो।

यसमा निवेदक संस्थाद्वारा सञ्चालित विद्यालय रहेको सिन्धुली जिल्ला कमलामाई नगरपालिका वडा नं. ७ को विद्यालयको नामको कि.नं. १९३२ को जग्गामा सिन्धुली जिल्लाको पानीटंकी-बर्देउटार-माझीटार-गडौली हुँदै बर्दिवास वनेपा लोकमार्गमा जोड्ने फिडर सडक निर्माण गर्ने प्रयोजनका लागि उक्त सडकमा पर्ने जग्गाको केन्द्र भागबाट दायाँबायाँ १५/१५ मीटर जग्गाको मुआब्जा र सो जग्गामा पर्ने घरको क्षतिपूर्ति दावी गर्न आउनु भनी गोरखापत्रमा सूचना प्रकाशन भएको छ। सो स्थानमा सडक आवश्यक नभएको, आसपासका क्षेत्रमा सडकहरु बनी चालु अवस्थामा रहेका छन। सडक आवश्यकता नभएको स्थानमा पहिला निर्माण गर्न लागेको खिम्ती ढल्केवर २२० के.भी. प्रसारण लाइनको विषयमा उठेको विवादलाई प्रभाव पार्ने गरी सडक निर्माण गर्ने भनी सूचना प्रकाशन गरिएको हुँदा मन्त्रीस्तरबाट मिति २०६९/६/२१ मा भएको निर्णय र सो आधारमा जिल्ला प्रशासन कार्यालय सिन्धुलीले

मिति २०६९/१२/११ मा गोरखापत्रमा प्रकाशन गरेको सूचना बदर गरिपाउँ भन्ने रिट निवेदन व्यहोरा रहेको देखियो।

विपक्षीहरुको लिखित जवाफ हेर्दा खिम्ती ढल्केवर प्रसारण लाइन निर्माण भइसकेको छ। सो प्रसारण लाइनमा परेका जग्गाको मुआब्जा र घरको क्षतिपूर्ति वितरण भइसकेको हुँदा उक्त प्रसारण लाइन निर्माणको सम्बन्धमा कुनै विवाद छैन। उक्त खिम्ती ढल्केवर २२० के.भी. प्रसारण लाइन मुनीबाट फिडर सडक निर्माण गर्ने भन्ने नेपाल सरकारको निर्णय बमोजिम उक्त क्षेत्रमा पर्ने जग्गाको मुआब्जा तथा घरको क्षतिपूर्ति दावी गर्न आउनु भनी जिल्ला प्रशासन कार्यालय सिन्धुलीले गोरखापत्रमा सूचना प्रकाशन गरेको हुँदा सो सूचनाबाट निवेदकको हक हनन् नभएकाले माग बमोजिम आदेश जारी हुनु पर्ने होइन भन्ने उल्लेख भएको देखियो।

निर्णय तर्फ विचार गर्दा, नेपाल सरकार जलस्रोत मन्त्रालयको निर्णय बमोजिम नेपाल विद्युत प्राधिकरणले निर्माण गरेको खिम्ती-ढल्केवर २२० के.भी. प्रसारण लाइन दोलखा जिल्लाबाट प्रारम्भ भई रामेछाप, सिन्धुली हुदै महोत्तरीको गौरीबासबाट धनुषा जिल्लाको ढल्केवर सव स्टेशनमा जोडिने परियोजना निर्माण कार्य सम्पन्न भएको भन्ने देखिन्छ। उक्त प्रसारण लाइन मुनीबाट फिडर सडक निर्माण गर्ने भन्ने नेपाल सरकार मन्त्रीस्तरको मिति २०६९/६/२१ को निर्णय अनुसार सडक निर्माणको Detailed Project Report तयार पार्न र जग्गा प्राप्ती प्रक्रिया शुरु गर्ने प्रक्रिया अगाडी बढाइएको र सोही प्रक्रिया अनुसार उक्त सडकमा पर्ने जग्गाको मुआब्जा दावी गर्न आउनु भनी जिल्ला प्रशासन कार्यालय सिन्धुलीले जारी गरेको सूचना समेत बदरको माग गरी प्रस्तुत रिट निवेदन दायर भएको देखियो। सार्वजनिक सडक निर्माण गर्ने प्रयोजनका लागि जग्गा अधिग्रहण गर्न सूचना जारी भएकोमा निवेदकसमेत सहमत भएको देखिन्छ। सार्वजनिक सडक सबैको लागि खुला हुने र त्यसबाट सर्वसाधारणले सुविधा लिन सक्ने भएकाले सार्वजनिक सडक निर्माण कार्य सार्वजनिक हित र सरोकारसँग सम्बन्धित रहेको हुन्छ। उक्त सडक निर्माण परियोजनाको स्वरुप हेर्दा बृहत किसिमको देखिएको र सार्वजनिक हितको लागि निर्माण हुन लागेको देखिन्छ। साथै सो परियोजनालाई रिट निवेदकले समेत सार्वजनिक हितको लागि नभएको भनी भन्न सकेको देखिदैन।

सिद्धान्तः सरकारले कुनैपनि व्यक्तिको सम्पत्ति सार्वजनिक हितको लागि बाहेक अन्य प्रयोजनका लागि अधिग्रहण वा प्राप्त गर्न सक्दैन। सो कुरालाई नेपालको अन्तरिम संविधान, २०६३ को धारा १९(२) ले सार्वजनिक हितको लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्ने वा त्यस्तो सम्पत्ति उपर अरु कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्ने छैन भनी सार्वजनिक हितको लागि बाहेक व्यक्तिको सम्पत्ति अनतिक्रम्य हुने हकको प्रत्याभूति गरेको पाइन्छ। साथै नेपालको संविधानको धारा २५(२) ले समेत सम्पत्ति सम्बन्धी सो अधिकारलाई संरक्षित गरेको देखिन्छ। निवेदकको निवेदन जिकीर हेर्दा प्रसारण लाइन मुनी फिडर निर्माण गर्दा सडकमा परेका जग्गाको मुआब्जा र घरको क्षतिपूर्ति दावी गर्न आउनु भनी जिल्ला प्रशासन कार्यालय सिन्धुलीले प्रकाशन गरेको सूचना बदर गरिपाउँ भन्ने मुख्य मागदावी रहेको देखिन्छ।

नेपालको अन्तरिम संविधान, २०६३ तथा नेपालको वर्तमान संविधानमा भएको सम्पत्ति सम्बन्धी हकमा राज्यले सार्वजनिक हितको लागि व्यक्तिको जग्गा अधिग्रहण गर्न सक्ने देखिएको र त्यसरी अधिग्रहण वा प्राप्ती गर्दा जग्गा प्राप्ती ऐन, २०३४, सार्वजनिक सडक ऐन, २०३१ मा तोकेको प्रक्रिया अपनाई जग्गाको मुआब्जा तथा घर संरचना परेको भए सोको क्षतिपूर्ति दिएर मात्र अधिग्रहण गर्न सक्ने देखिन्छ। नागरिकको आवश्यकता र चाहाना अनुसारको विकास निर्माण गर्दा त्यस्तो विकास निर्माण सार्वजनिक तथा नागरिकको हितको लागि छ छैन भन्ने दृष्टिकोणले हेर्नु पर्ने हुन्छ। राज्यले सार्वजनिक हितको लागि गर्ने विकास निर्माण र त्यस्तो विकास निर्माणबाट असर पर्ने व्यक्तिको हित संरक्षणमा विशेष ध्यान दिनु पर्ने हुन्छ। सार्वजनिक हितको लागि जग्गा तथा अन्य संरचना अधिग्रहण गर्दा कुनै व्यक्तिको हकमा असर पर्ने भएकाले असर पर्ने त्यस्तो व्यक्ति, संस्था एंव निकायको हकमा मर्का नपर्ने गरी चलन चल्तीको मुल्यमा उचित क्षतिपूर्ति दिएर मात्र त्यस्तो विकास निर्माणको कार्यलाई निरन्तरता दिनु पर्ने हुन्छ। विकास निर्माण भनेको नितान्त रुपमा सार्वजनिक हितको लागि हुनु पर्ने र त्यसरी सार्वजनिक हितको लागि जुनसुकै किसिमको विकास निर्माण गर्दा कुनैपनि नागरिक तथा संस्थाको निजी सम्पत्तिमा कुनै किसिमले हानी नोक्सानी हुने अवस्था देखिएमा सो

को उचित क्षतिपूर्ति दिई नागरिकको हकको संरक्षण गरेर मात्र विकास निर्माण गर्नु पर्ने हुन्छ। प्रस्तुत विवादमा खिम्ती ढल्केवर २२० के.भी. प्रसारण लाइन मुनी फिडर सडक निर्माण गर्दा निवेदक संस्थाद्वारा सञ्चालित विद्यालय लगाएत अन्य स्थानीय वासीको जग्गा र घर समेत उक्त सडकमा पर्न गएको भन्ने देखिन्छ। निवेदकको निवेदन दावी तथा विपक्षीहरुको लिखित जवाफ व्यहोराबाट उक्त फिडर सडक निर्माण गर्दा सडकमा पर्ने जग्गा तथा अन्य संरचनाको मुआब्जा एंव क्षतिपूर्ति दावी गर्न आउनु भन्ने सूचना प्रकाशन भएको अवस्था देखिँदा नेपाल सरकारका निकायहरुले सडकमा पर्ने जग्गाको मुआब्जा र संरचनाको क्षतिपूर्ति नदिई सम्पत्ति विना मुआब्जा तथा क्षतिपूर्ति हडप्न खोजेको देखिन आएन।

अतः उल्लेखित आधार कारणबाट नेपाल सरकारले सडक निर्माण प्रयोजनका लागि जग्गा तथा संरचना अधिग्रहण गर्ने प्रयोजनका लागि सडकमा पर्ने जग्गा तथा संरचनाको मुआब्जा तथा क्षतिपूर्ति दावी गर्न आउनु भनी प्रकाशन गरेको सूचनाले निवेदकको संविधान तथा कानून प्रदत्त हकमा असर परेको भन्ने नदेखिएको र जग्गा अधिग्रहण तथा प्राप्ती गर्दा कानून बमोजिम मुआब्जा एंव क्षतिपूर्ति पाउन सक्ने नै देखिँदा निवेदन माग बमोजिम उत्प्रेषणको आदेश जारी हुन सक्ने अवस्था नभएकोले प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। साथै निवेदक संस्थाले विद्यालय सञ्चालन गरेको र विद्यालय रहेको स्थानबाट विस्थापित हुने अवस्था आउने सम्भावना रहेको भनी निवेदनमा दावी गरी सम्भावनासम्म देखाएको पाइयो। विद्यालय नै विस्थापित हुने स्थितिको सिर्जना भएमा सो विद्यालयमा अध्ययनरत विद्यार्थीहरु शिक्षा आर्जन गर्नबाट बञ्चित हुन सक्ने परिस्थितिको सिर्जना हुन्छ। विद्यालय त्यो पनि अपाङ्गता भएका विद्यार्थी अध्ययन गर्ने विद्यालय भवन नै नरहने अवस्था देखिएमा विद्यालयको लागि वैकल्पिक व्यवस्था गर्नु विद्यालय सञ्चालन गर्ने संस्था तथा सरकारका निकायको दायित्व भित्र पर्ने विषय हो। विद्यालयको जग्गा अधिग्रहण गर्दा विद्यालय नै विस्थापित हुने अवस्था आउन नदिन वैकल्पिक उपायको पहिचान गर्नु र वैकल्पिक उपायबाट सडक निर्माण हुन नसक्ने अवस्था देखिएमा र सडक निर्माण गर्दा विद्यालयको भवन तथा जग्गा नै नरहने अवस्था देखिएमा विद्यालयको लागि पायक पर्ने स्थानमा पर्याप्त जग्गा सहित भवन निर्माण हुने र गर्ने गरी एंव

भवन नै निर्माण गरी स्थानान्तरण गर्न सहयोग गर्नु गराउनु तथा सार्वजनिक हितको लागि विद्यालयको सम्पत्ति अधिग्रहण एंव प्राप्ती गर्दा संविधान एंव कानूनी व्यवस्थालाई ख्याल गरी सरकारी मुल्याङ्कन नभई चलन चल्तीको मुल्यमा उचित क्षतिपूर्ति वा मुआब्जा निर्धारण गरी अनुचित विलम्ब नगरी वितरण गर्नु गराउनु भनी विपक्षीहरुका नाममा परमादेश जारी हुने ठहर्छ। प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू।

प्रधान न्यायाधीश

उक्त रायमा म सहमत छु।

न्यायाधीश

इजलास अधिकृतः दुर्गाप्रसाद खनाल

इति संवत् २०७४ साल माघ महिना १५ गते रोज २ शुभम् ---------------------- ।